# संगीत रोयल्टी संकलन समाज नेपालको १६ औं वार्षिक साधारण सभा तथा ८औं अधिवेशनमा महासचिवद्वारा प्रस्तुत गरिएको साङ्गठनिक प्रतिवेदन-२०८२

**(२०८२ फागुन ३० गते, शनिबार, नेपाल प्रज्ञा प्रतिष्ठानको सभाहल, कमलादी, काठमाडौं)**

यस सम्मानित वन्दसत्रका सभाध्यक्ष श्री सुरेश चन्द्र अधिकारीज्यू, कार्यसमितिका पदाधिकारी तथा सदस्यज्यूहरु, संस्थापक, पूर्व र निर्वतमान कार्यसमितिका पदाधिकारी तथा सदस्यज्यूहरु एंव पूर्ण सदस्य तथा एशोसिएट सदस्यज्यूहरु ।

नेपाली गीत क्षेत्रमा आफ्ना अमुल्य समय बिताएर देश र समाजमा उल्लेखनीय योगदान पुऱ्याउनु हुने अग्रज तथा अनुज सम्पूर्ण स्रष्टाज्यूहरुको बौद्धिक सम्पत्तिको (कृतिश्व) अथवा रोयल्टी संकलन गर्ने पवित्र उद्धेश्यका साथ स्थापना भएको यस १६औं वार्षिक साधारण सभा तथा ८औं अधिवेशनसम्म आइपुगेको अवस्थामा आजको सम्मानित वन्द सत्रको गरिमामय सभामा संस्था र संस्थाका गतिविधिहरु समावेश गरि तयार पारिएको वार्षिक प्रतिवेदन यहाँहरु माफ प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**पृष्ठभूमि:-**

स्रष्टा सर्जकको बौद्धिक सम्पत्ति सिर्जनालाई प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा ३ ले संरक्षण गरेको अधिकार ऐ.ऐ.ऐन को दफा २५ बमोजिम संरक्षित बौद्धिक सम्पत्ति सिर्जनाको सार्वजनिक सञ्चार अथवा प्रयोगको लागि अनुमतिपत्र जारी गर्नका लागि ऐ.ऐ. ऐन, २०५९ को दफा ३९ बमोजिम गीतसंगीत जस्ता बौद्धिक सम्पत्तिको सार्वजनिक सञ्चार अथवा प्रयोगको अनुमति पत्र जारी गर्न अथवा कृतिश्व रोयल्टी संकलन गर्न नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा एउटा अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित **संगीत रोयल्टी संकलन समाज नेपाल** मिति २०६४/०२/२५ गते दर्ता भएको एक (Music Licensing) अनुमति पत्र जारी गर्ने संस्था हो । संस्थाको काम कर्तव्य र अधिकार प्रतिलिपि अधिकार नियमावली, २०६१ को नियम १० बमोजिम, संस्थाको मुल विधान, २०६४ बमोजिम, संस्थाको उद्धेश्य बमोजिमको कार्य गर्नका लागी प्रतिलिपि अधिकार नियमावली २०६१ को नियम १० को खण्ड (ग) बमोजिम संस्थाले बनाएको रोयल्टी संकलन र वितरण मापदण्ड **संगीत रोयल्टी संकलन मापदण्ड २०८०** र वितरण मापदण्ड **संगीत रोयल्टी वितरण मापदण्ड २०७९** बमोजिम संस्थाले रोयल्टी संकलन र वितरण गर्ने कार्य गर्दै आएको छ ।

**संस्थाले सम्पन्न गरेको वार्षिक कार्यक्रमहरु:**

**१.संस्थाको पूर्ण सदस्य र एशोसिएट सदस्यहरु**

**संगीत रोयल्टी संकलन समाज नेपालको** आजको मितिसम्म कुल सदस्यता संख्या **२०१२** पुगेको छ भने जसमा १३० पूर्ण सदस्य र १८८२ एशोसिएट सदस्यहरु छन् । यसैगरि यस वर्षमा ३५ जना एशोसिएट सदस्यहरुले संस्थाको सदस्यता लिनुभएको छ ।

**२.संस्थाको सङ्गठनात्मक अवस्था :**

संस्थाको स्थापना कालमा स्व. रत्न शमशेर थापा, त्यसपछि क्रमश: श्री यादव खरेल, श्री श्रीपुरुष ढकाल, श्री राजेन्द्र थापा, श्री सुरेश चन्द्र अधिकारी र महेश खड्काको अध्यक्षतामा कार्यसमिति गठन भएको थियो । मिति २०८०/०६/२० गते नेपाल प्रज्ञा प्रतिष्ठानमा सम्पन्न १४औं साधारण सभाबाट निर्वाचित कार्यसमिति यस प्रकार ररिरहेको व्यहोरा अनुरोध छ ।

सुरेश चन्द्र अधिकारीज्यूको अध्यक्षतामा, सदस्यहरु, चन्द्र प्रसाद शर्मा, सुवास रेग्मी, बद्री पाण्डे (बि.पाण्डे), वसन्त सापकोटा, पि. एन. सापकोटा, शिरीष देवकोटा, प्रमोद ढुङ्गाना, प्रसाद लामिछाने,सुजन लम्साल ( मधुसुधन लम्साल), रामबहादुर खड्का (रामु खड्का)

**पूर्णकार्यसमितिको गठन:**

MRC ESD. MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL

अध्यक्ष सुरेश चन्द्र अधिकारीज्यूको अध्यक्षतामा बसेको पहिलो बैठकले निम्नबमोजिमको कार्यसमिति गठन गरिएको अवगत गर्न चाहन्छु ।

सुरेश चन्द्र अधिकारी- अध्यक्ष, चन्द्र प्रसाद शर्मा - उपाध्यक्ष, बद्री पाण्डे (बि.पाण्डे) - महासचिव, पि. एन. सापकोटा- कोषाध्यक्ष, सदस्यहरुमा सुवास रेग्मी, बसन्त सापकोटा,शिरीष देवकोटा, प्रमोद ढुङ्गाना, प्रसाद लामिछाने, सुजन लम्साल (मधुसुधन लम्साल), र रामबहादुर खड्का (रामु खड्का)

**सचिवको पद थप र नियुक्तिः**

संस्थाको १५औं साधारण सभाबाट सचिवको पद थप गरी कार्यसमिति सदस्य रामबहादुर खड्का (रामु खड्का)ज्यूलाई सचिव पदमा नियुक्त गरियो ।

**मनोनित सदस्यः**

विधानको दफा २३ को (क) बमोजिम अध्यक्षले कार्यमितिमा दुई जना सदस्य मनोनित गर्न सक्ने व्यवस्था अनुसार गीतकार सदस्य डा. ओमकृष्ण परसाई र संगीतकार सदस्य डोलराज बाह्रघरेज्यूलाई कार्यसमितिले सदस्यमा मनोनित गरियो ।

**पद रिक्त र नियुक्तिः**

अध्यक्ष सुरेश चन्द्र अधिकारीज्यूको अध्यक्षतामा बसेको पहिलो बैठकको निर्णयबाट महासचिवमा नियुक्त बद्री पाण्डे (बि.पाण्डे) अमेरिकाको ग्रिनकार्ड प्राप्त गरी अमेरिका प्रस्थान गर्नु भए पश्चात महासचिवको पद रिक्त भई उक्त पदमा कार्यसमिति सदस्य वसन्त सापकोटाज्यूलाई नियुक्त गरियो ।

**३.कर्मचारीः**

संस्था सञ्चालन गर्नका लागी निम्नबमोजिमको कर्मचारीहरु कार्यरत छनः

(१) **व्यवस्थापकीय स्तरमाः** सपना घर्तिमगर- कानून अधिकृत र मिलिन्द शर्मा-आईटी अधिकृत र श्रीराम पण्डित-लेखा अधिकृतकारुपमा कार्यरत छन ।

(२) **सहायक स्तरमाः** कल्पना अछामी-डाटा सहायक, सुभद्रा फुयल-आईटी सहायक, सुस्मिता घिमिरे,लेखा सहायक र जानुका अधिकारी-सहायक प्रशासन सहित जम्मा ७ जना कर्मचारीमा कार्यरत छन ।

**४.संस्था व्यवस्थापन संरचनाः** संस्थाको मुल विधानको प्रस्तावना बमोजिम गीतसंगीत विधाका रचयिता तथा प्रकाशकलाई प्रदत्त अधिकारको संरक्षण तथा कार्यान्वयन गर्न रचयिता र प्रकाशकको यस संस्थावाट नै संयुक्तरुपमा रोयल्टी संकलन र वितरण गर्नु पर्ने कानूनी व्यवस्था अनुसार कार्य गर्ने नेपाल गीतसंगीत प्रकाशन हाउस भएको हुदाँ उक्त संस्थासंग रोयल्टी व्यवस्थापन गर्नका लागी सहकार्य गरियो । साथै उक्त संस्थाको मुख्य उद्धेश्य आफ्नो उद्धेश्य अनुरुप गीतसंगीतको रचयिता गीतकार र संगीतकारलाई Creator Publisher को रुपमा संस्थाको सदस्यता प्रदान गर्छ भने गीतसंगीत प्रकाशन गर्नका लागी गीतकार र संगीतकार रचयितासंग रचनाको सम्झौता गरी कानूनी अधिकार लिएको व्यक्ति वा संस्थाहरुलाई Co-Publisher को रुपमा सदस्यता प्रदान गरी उक्त सदस्यको रचनाको संरक्षण गर्ने र प्रकाशन रोयल्टी व्यवस्थापन गर्नका लागी कानूनी अधिकार लिई Performing rights organization- PRO को व्यवस्था अनुसार प्रकाशन रोयल्टी व्यवस्थापन गर्छ । यस संस्थामा सदस्यता प्राप्त गरेको सदस्यहरुका रचना संरक्षण गर्नका लागी गीतको सबै शब्द र सगीत रचना धुन वा म्युजिक नै संस्थाको **Center surver** मा गीतकार र संगीतकारको Intellectual Property (IP) को रुपमा संरक्षण गर्छ । यस संस्थाले संरक्षण गर्ने Intellectual Property (IP) संस्थाको विना अनुमति रचना प्रयोगको उलंघन गर्ने कुनै व्यक्ति तथा संस्थाले रचना संरक्षण गर्नका लागी सबै प्रकारका प्रकृयाहरु अपनाई, कानूनी कारवाहीको प्रकृया सम्म अपनाएर पनि रचना संरक्षण गर्नका लागी जवाफदेही हुने संस्था हो । त्यसैले संगीत रोयल्टी संकलन समाज नेपालको प्रस्तावना,उद्धेश्य र यस संस्थाले निर्माण गरेको निति बमोजिम रचयिता र प्रकाशकहरुको रोयल्टी व्यवस्थापन यस संगीत रोयल्टी संस्थाबाट नै संयुक्तरुपमा Collective Management Organizations (CM0) प्रणाली अनुरुप नै रोयल्टी व्यवस्थापन गरिने जानकारी गराउदाछौं ।

MRCSN
MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL

५.रोयल्टी संकलन र वितरण:

**(क)आन्तरिक रोयल्टी संकलन**: यस आर्थिक वर्ष रेडियो, टेलिभिजन, स्टार होटल,रिसोट, रेष्टुरेण्ट, क्याफे,फिजिकल फिट्नेस सेन्टर, स्कुल, कलेज, यातायत लगायत अन्य क्षेत्रहरुबाट रोयल्टी संकलन भयो ।

**(ख)अन्तर्राष्ट्रिय रोयल्टी संकलन :** यस आर्थिक वर्ष फेसबुक (Facebook ), युटुव (Youtube), स्पोटिफाई (Spotify), Korean Society (KOMCA), JASRAC र IPRS India लगायतका Sister Society हरुबाट रोयल्टी संकलन भयो ।

**(ग)PRBT रोयल्टी वितरण:** बुढासुब्बा तथा डिजि-टेनमेन्ट नामक एग्रिगेटरमार्फत सन् २०१६ देखि २०१९ सम्म एनसेल नेटवर्क बाट प्राप्त हुनुपर्ने रोयल्टीमध्ये लामो समयदेखि मुद्दा प्रकृयामा रही भुक्तानी हुन नसकेको PRBT रोयल्टी प्रकरणमा मेलमिलाप (Settlement) सम्पन्न भई, रु ३७,४३,८०४.७० ( अक्षरूपी रुपैयाँ सैंतीस लाख त्रिचालीस हजार आठ सय चार रूपैयाँ सत्तरी पैसा मात्र) संस्थाले प्राप्त गरेको छ । उक्त रकम संस्थाको खातामा जम्मा भइसकेपछि, कार्यसमितिको निर्णयानुसार सम्बन्धित सर्जकहरूलाई मिति २०८१/११/२२ देखि विधिवत रूपमा वितरण कार्य गरिएको छ ।

**६.रोयल्टी संकलन सम्बन्धि गरिएको कार्यहरु:**

(क) श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयल अन्तर्गतको कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरमा दर्ता भई संचालनमा रहेको फर्म, कम्पनी र निम्न संस्था तथा गीतसंगीतको सार्वजनिक प्रयोगकर्ताहरुले गीतसंगीतको सार्वजनिक प्रयोग गरेको हुदाँ प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २५ बमोजिम सार्वजनिक संचार अथवा प्रयोगको अनुमति नलिई बार्षिक दर्ता नविकरण गर्दा, कम्पनीको उद्धेश्य परिवर्तण गर्दा, कम्पनीको सेयर बाडफाड गर्दा र कम्पनी खारेज गर्दा समेत गीतसंगीतको सार्वजनिक संचार अथवा प्रयोगको अनुमति पत्र लिएको हुनु पर्ने श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले मिति २०८२/०१/१४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौंलाई निर्देशन पत्र पठाईसकेकोमा श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा सम्पर्क राख्दा यो कानूनी प्रावधान कार्यन्वयन गर्दा देशको मुख्य सहरमा सार्वजनिक प्रयोगको अनुमति जारी गर्ने कार्यालय पहिला स्थापना गरेपछि यो व्यवस्था कार्यान्वयन गर्ने भएपछि देशको विभिन्न स्थानहरुमा एजेन्सीले शाखा कार्यालय स्थापना गरिरहेको र निम्न स्थानहरुमा शाखा कार्यालय समेत स्थापना भई सकेको अवस्था जानकारी गर्दछु । साथै श्री अर्थ मन्त्रालयले प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २५ बमोजिम गीतसंगीतको निम्नबमोजिमका सार्वजनिक सञ्चार अथवा प्रयोगकर्ताले कानून बमोजिम सार्वजनिक प्रयोगको अनुमति लिएको हुनु पर्ने कानूनी व्यवस्था परिपालना गर्नका लागी आन्तरीक राजश्व विभाग अन्तरगत दर्ता कायम रही सचालनमा आएको फर्म, कम्पनी र संस्थाहको वार्षिक कर चुत्ता प्रमाण पत्र लिदा सार्वजनिक प्रयोगको अनुमति हुन पर्ने कानूनी व्यवस्था मिलाउनु आन्तरीक राजश्व विभागलाई पत्र चार
गरिसकेको र विभागमा सम्पर्क गरी यो व्यवस्थालाई कार्यन्वयन गर्न विभाग तयार रहेको र मन्त्रालयको सर्त अनुसार सरकारलाई भ्याट उठाउनु पर्ने र देश भरी ३० देखी ४० स्थानहरुमा रोयल्टी भुक्तानीको कार्यालय हुनु पर्ने सरकारको सर्त पालना गर्नका लागी संस्थाले आवश्यक पहल कदम गरिरहेको जानकारी गर्दछु ।

**निम्न गीतसंगीतको सार्वजनिक प्रयोगकर्ताहरु:**

(निम्न बमोजिमका सार्वजनिक प्रयोगकर्ताहरु:- रेडियो, टेलिभिजन, इन्टरनेट प्रदायक संस्था, स्टार होटल,क्यासिनो, होटल तथा लज, टुरिस्ट स्टयार्न्ड होटल, रिसोर्ट, होमस्टे, लाईभ कनसर्ट, मेलामहोत्सव प्रदर्शनि तथा साँगीतिक कार्यक्रम, सार्वजनिक यातायात, पर्यटकीय सवारी साधन, कफिसप, क्याफे एण्ड रेष्टुरेण्ड, पव बार/डान्सवार, डिस्को क्लव, दोहोरिसाँझ, जिमहल तथा जुम्वा, सौनावाथ, स्पा, डान्स स्कुल, कला केन्द्र, म्युजिक क्लास, विमानस्थल, मल, आर्केड, सपिङ्ग कम्प्लेक्स, सुपरमार्केट, डिपार्टमेन्टल स्टोर, चलचित्र हल, मल्टिप्लेक्स, फनपार्क, पार्टी पार्टी प्यालेस, व्यान्क्वेट : ट्याटु हाउस, विभिन्न पसलहरु, व्युटिपार्लर, हेयर ड्रेसर, सैलुन, सार्वजनिकहल, शैक्षिक संस्था, मन्टेश्वरी/प्रि स्कुल, मार्ट, पार्क, वर्कसप, शोरुम आदिमा)

MRCSN
EST. 2007
MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL

**शाखा कार्यालयहरुः**

१. इटहरी,सुनसरी शाखा कार्यालय,
२.जनकपुर शाखा कार्यालय,
३. चितवन शाखा कार्यालय,
४.पोखरा शाखा कार्यालय,
५.एकान्तकुना शाखा कार्यालय,

**(ख) यातायातहरुमा रोयल्टी संकलन कार्यः**

गीतसंगीतको सार्वजनिक प्रयोगकर्ता यातायातहरुबाट रोयल्टी भुक्तानी सम्बन्धीको बाग्मती प्रदेश सरकार, श्रम, रोजगार तथा यातायात मन्त्रालय हेटौडाले आफ्नो प्रदेश भित्रको सबै यातायात व्यवस्था कार्यालयहरु तथा सेवा कार्यालयहरुलाई यातायात व्यवस्थापन कार्यविधी निर्देशिका कर्यान्वयन गर्न निर्देशन गरिसकेको छ । साथै भक्तपुर यातायात कार्यालय, सानोभर्याङ यातायात सेवा कार्यालय र एकान्तकुना यातायातमा रोयल्टी संकलन कार्य सुरु भईसकेकोमा यातायात कार्यालयहरुले (सचिवज्यूको निर्देशन रोयल्टी भुक्तानी अनलाई भुक्तानी सेवा) हुनु पर्ने र विलिङ सिस्टम पनि इ-विलिङ हुनु पर्ने) निर्देशनले गर्दा रोयल्टी संकलन कार्य केही समयको लागि स्थगित भएकोमा हाल संस्थाले अनलाई भुक्तानी सेवा र इ-विलिङ सिस्टम बनाई सकेकाले पुःन रोयल्टी संकलन कार्य सुरु हुनेछ । साथै अन्य तपशीलका यातायातहरुले पनि सम्वन्धित यातायात कार्यालयहरुलाई रोयल्टी नतिरी यातायातहरुको नविकरण नगर्ने सम्वन्धामा निर्देशन दिईसकेको भए ता पनि त्यो वेला संस्थाले रसिद जारी गरेको कारण, अनलाई भुक्तानी सेवा र इ-विलिङ सिस्टममा नभएको कारण सम्वन्धित यातायात कार्यालयहरुले रोयल्टी संकलन सम्वन्धिको निर्देशन कार्यन्वयन गर्नु नसकेकोमा अवउप्रान्त संस्थाले रोयल्टी संकलन गर्नु पुःन तयारी गरिरहेको छ ।

**गीतसंगीतको रोयल्टी भुक्तानी नगरि यातायातहरु नविकरण नगर्ने जस्ता आवश्यक तपशील मन्त्रालय तथा विभागबाट निर्देशन भईसकेको अवस्था छः**

(१) श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार,काठमाण्डौं ।
(२) श्री यातायात व्यवस्था विभाग मीनभवन, काठमाण्डौं ।
(३) श्री श्रम तथा यातायात मन्त्रालय जनकपुर,धनुषा ।
(४) श्री श्रम, रोजगार तथा यातायात मन्त्रालय हेटौडा ।
(५) श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,कोशी प्रदेश, विराटनगर ।
(६) श्री भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय,पोखरा ।
(७) भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय, कर्णाली प्रदेश, विरेन्द्रनगर ।

**(ग) गीतसंगीतको सार्वजनिक प्रयोगको अनुमति पत्र प्रहरीसंग संयुक्तरुपमा चेकिङ गर्न अनुमति प्रदान तपशील बमोजिमको जिल्ला प्रशासन कार्यालयहरुले दिएको छ ।**

(१) श्री जिल्ला प्रशासन कार्यालय,भक्तपुर ।
(२) श्री जिल्ला प्रशासन कार्यालय,काठमाण्डौं ।
(३) श्री जिल्ला प्रशासन कार्याल्य, ललितपुर ।
(४) श्री जिल्ला प्रशासन कार्यालय,झापा ।
(५) श्री जिल्ला प्रशासन कार्यालय,सुनसरी ।

(घ) गीतसंगीतको सार्वजनिक प्रयोगकर्ता यातायातहरुमा गीतसगीतको सार्वजनिक प्रयोगको अनुमति चेकिङ **श्री नेपाल प्रहरी र ट्राफिक प्रहरीसंग** संयुक्तरुपमा चेकिङ सञ्चालन **चुनदेवी सल्लाघारी,जगाती, भक्तपुर, नागढुगामा, सातदोबाटो र किर्तीपुरमा** सञ्चालन गरिएको थियो र उक्त चेकिङ सञ्चालन गर्दा अनुमति पत्र तथा रोयल्टी तिर्न थालेपछि रोयल्टी तिर्ने यायातातहरुले बिल माग्ने हामीले रसिद मात्र जारी गर्ने प्रकृयाले धेरै यातायातहरुसंग झगडा भई उक्त चेकिङ सञ्चालन कार्य बन्द गरी संस्थाको लेखा प्रणालीमा ब्यापक सुधारको योजना बनाई अहिले संस्था भ्याटमा गई भ्याट विल जारी गरी, अनलाई भुक्तानी सेवा र इ-विलिङ सिस्टम समेत निर्माण गरेको छ । अवउप्रान्त संस्थाले पुःन चेकिङको कार्यपनि सञ्चालन गर्ने तयारी गरिरहेको छ ।

MRC©N
MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL

Brand

(घ) **गीतसंगीत जस्ता बौद्धिक सम्पत्तिको संरक्षण एंव बिना अनुमति पत्र सार्वजनिक प्रयोगका कार्य रोक्न आवश्यक निर्देशन:**

(अ)गीतसंगीत जस्ता बौद्धिक सम्पत्तिको संरक्षण एंव बिना अनुमति पत्र सार्वजनिक प्रयोगका कार्य रोक्न आवश्यक निर्देशन जारी श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री मा.वद्री प्रसाद पाण्डेज्यूको निर्णय बमाजिम निम्न सार्वजनिक प्रयोगकर्ताहरुमा लागु हुने गरि श्री गृह मन्त्रालयलाई निर्देशन पत्र समेत पठाई श्री गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालयहरु सबै र नेपाल प्रहरीको प्रहरी कार्यालयहरु सबैलाई आवश्यक निर्देशन दिई तपशील बमोजिमको गीतसंगीत प्रयोगकर्ताहरुमा संस्थाको प्रतिनिधि र प्रहरीसंग संयुक्त गीतसंगीतको अनुमति पत्र चेकिङ गर्ने व्यवस्था गरिसकेको जानकारी गर्दछु । सो कार्य सञ्चालन गर्नका लागी संस्थाले तयारी गरिरहेको छ ।

**तपशील बमोजिमको गीतसंगीतको सार्वजनिक प्रयोगकर्ताहरु**

(निम्न बमोजिमका गीतसंगीतको सार्वजनिक प्रयोगकर्ताहरु: रेडियो, टेलिभिजन, इन्टरनेट प्रदायक संस्था, स्टार होटल, क्यासिनो, होटल तथा लज, टुरिस्ट स्टयान्डर्ड होटल, रिसोर्ट, होमस्टे, लाईभ कनसर्ट, मेलामहोत्सव प्रदर्शनि तथा सांगीतिक कार्यक्रम, सार्वजत्तिक यातायात, पर्यटकीय सवारी साधन, कफिसप, क्याफे एण्ड रेष्टुरेण्ड, पब वार/डान्सवार, डिस्को क्लब, दोहोरिसांझ, जिमहल तथा जुम्वा, सौनावाथ, स्पा, डान्स स्कुल, कला केन्द्र, म्युजिक क्लास, विमानस्थल, मल, आर्केड, सपिङ्ग कम्प्लेक्स, सुपरमार्केट, डिपार्टमेन्टल स्टोर, चलचित्र हल, मल्टिप्लेक्स, फनपार्क, पार्टी पार्टी प्यालेस, व्याङ्केट ट्याटु हाउस विभिन्न पसलहरु, व्युटिपार्लर, हेयर ड्रेसर, सैलुन, सार्वजनिकहल, शैक्षिक संस्था, मन्टेश्वरी/पि स्कुल, मार्ट, पार्क, वर्कसप, शोरुम आदिमा)

(ङ) गीतसंगीत जस्ता बौद्धिक सम्पत्तिको सार्वजनिक प्रयोग गर्ने तर रोयल्टी भुक्तानी गरी अनुमति लिन इन्कार गर्ने सार्वजनिक प्रयोगकर्तालाई आवश्यक कारवाही गर्नका लागी नेपाल प्रहरी महानीरिक्षकज्यूबाट आवश्यक निर्देशन जारी मिति २०८२ साल ४ महिना १५ गले मुद्धा चल्ने देशभरीको प्रहरी कार्यालयलहरुलाई परिपत्र गरी निर्देशन दिनुभएएको छ ।

**७.लेखा सुधारका कार्यहरु:**

**(क) संस्थाको लेखा सुधार:**

आयकर ऐन,नियमावली बमोजिम सेवाको कारोवार आ.व.देखि ३०,००,०००/- सम्मको कारोवार प्यानमा गर्नु पाउने व्यवस्था अनुसार संस्थाको कारोवार पहिला देखी नै ३० लाख भन्दा धेरै हुदै आएकोले यस वर्ष देखी संस्थाको कारोवार प्यान (PAN) बाट मूल्य अभिवृद्धि कर (VAT) प्रणालीमा दर्ता गरियो ।

(ख) **E-billing System:**

संस्थाले रोयल्टी संकलन देशै भरी नै गर्नु पर्ने र संस्थाको कार्यालय काठमाण्डौंमा मात्र भएकोले काठमाण्डौ जिल्ला भन्दा अन्य जिल्लाको रोयल्टी संकलन गर्दा तथा गीतसंगीतको सार्वजनिक प्रयोगकर्ताहरुले रोयल्टी वापतको रकम भुक्तानी गर्दा भुक्तानी गर्नु भन्दा पहिला नै विल माग्ने र विल जारी गर्नका लागी संस्थाको देशभरी नै शाखा कार्यालय हुनु पर्ने र शाखा कार्यालयहरुवाट मात्र विज जारी गर्न सकिने कानूनी व्यवस्था भएकोले र रोयल्टी संकलन र वितरणमा निष्पक्ष, पार्दशी गर्न तथा लेखा प्रणाली सुधार गर्नका लागी पनि संस्थाको लेखा प्रणाली **E-billing System** सञ्चालनमा ल्याईएकोछ । यो **E-billing System** ले देशै भरीको प्रयोगकर्ताहरुलाई अनलाई सिस्टमा नै विल जारी गर्न सकिने भएकोछ । साथै संस्थाले १० वटा POS Machine पनि खरिद गरि सञ्चालयन गरिरहेकोछ र यस कारण पनि रोयल्टी संकलनमा पनि पारदर्शी देखिन्छ । यो **E-billing System** सिधै आन्तरिक राजस्व विभागको Central Billing Monitoring System मा जडान भएकोले संस्थाको प्रत्यक्ष लेखा प्रणालीमा आन्तरिक राजस्व विभागको पहुज पुग्ने हुदा संस्थाको लेखा प्रणालीमा कुनै खालको निष्पक्षतामा,शंका,उपशंका गर्नुपर्ने विषयको अन्त भएको जानकारी सदस्यज्यूहरुमा अनुरोध गर्दछु ।

MRCSN
MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL

(ग) **लेखा सञ्चालन सम्बन्धि फर्म नियुक्तिः** विश्व बौद्धिक सम्पत्ति सङ्गठन (World Intellectual Property Organization-WIPO) संयुक्त राष्ट्रसंघीय विशिष्टीकृत संस्थाको रुपमा सन् १९६७ मा स्थापना भएको सङ्गठन हो । नोभेम्बर १९९७ बाट नेपाल पनि यस सङ्गठनको पक्षधर राष्ट्र रहदै आएको छ । साथै साहित्यक तथा कलात्मक रचनाको विश्वव्यापी संरक्षणका लागि जनवरी ११, जनवरी २००६ देखी नेपाल वर्न महासन्धि (Berne Convention) को पक्षधर राष्ट्र रहदै आएको छ । सो कारणले गर्दा यस संस्थाले वर्न महासन्धिका पक्ष राष्ट्र भएको देशहरुका गीतसंगीत नेपालको भुगोल भित्र सार्वजनिक प्रयोगको अनुमति जारी/रोयल्टी संकलन गर्नु पर्ने प्रिथम कार्य भएकोले यस संस्थाको लेखा प्रणाणी संस्थाले नियुक्त गरेको लेखा अधिकृतले सञ्चालन गर्न कठिनाई भएको हुदाँ राष्ट्रिय तथा अन्तर्राष्ट्रि लेखा प्रणाली अनुरुप लेखा सञ्चालन गर्न सक्ने फर्म/कम्पनीलाई लेखा सञ्चालन गर्नका लागी कार्यसमितिमा निर्णय भएबमोजि संस्थाको लेखा सञ्चालन गर्नका लागी श्री पायोनियर विजनेश एण्ड ट्याक्स सोलुसन्स प्रा.लि.बानेश्वर,काठमाण्डौंलाई नियुक्त गरि लेखा सञ्चालन गरिएको जानकारी गर्दछु ।

**८.संस्था सञ्चालन तथा सु-व्यवस्थापन गर्न गरिएको आन्तरिक कानूनी सुधारका कार्यहरुः**संस्थाको नियमावली खारेज गरी नेपालको ऐन, नियम र संस्थाको मुल कानूनको अधिनमा रहि संस्था सञ्चालन तथा सु-व्यवस्थापन गर्नका लागी तपशील वमोजिमको विनियम,कार्यविधि निर्देशिका तर्जुमा गरी कार्यसमितिबाट पास गरि लागु गरियो ।

(क) विपद् व्यवस्थापन तथा आकस्मिक सहायता कोष संचालन कार्यविधि -२०८२
(ख) रोयल्टी संकलन अनुगमन एंवम भ्रमण कार्यविधि-२०८२
(ग) कर्मचारी सेवा शर्त सम्वन्धी विनियम -२०८२
(घ) आर्थिक प्रशासन विनियमावली, २०८२
(ङ) आन्तरिक व्यवस्थापन कार्यविधि निर्देशिका-२०८२
(च)सदस्य उपचार तथा आकस्मिक कोष कार्यविधि -२०८२

**९.डेटा व्यवस्थापन र सुधारः**

यस आर्थिक वर्षमा, संस्थाले युट्युबजस्ता प्रमुख डिजिटल सेवा प्रदायकहरू (Digital Service Providers) ) मार्फत अन्तर्राष्ट्रिय रोयल्टी संकलनमा उल्लेखनीय वृद्धि हासिल गरेको छ, जस अन्तर्गत मासिक संकलन अघिल्लो आर्थिक वर्षको तुलनामा झण्डै दस गुणा बढेको छ । यो वृद्धि उन्नत डेटा प्रशोधन प्रणाली (Data processing systems) मा व्यवस्थापन सुधार र अन्तर्राष्ट्रिय संस्थाहरूसँगको साझेदारी सुदृढीकरणका कारण सम्भव भएको हो । अन्तर्राष्ट्रिय मापदण्ड अनुसार शुद्धता र अनुपालन सुनिश्चित गर्न संस्थाले डेटा व्यवस्थापन (Data Management) क्षेत्रमा महत्वपूर्ण लगानी गरेको छ । यस अन्तर्गत, पहिलो चरणमा उन्नत डेटा फिल्टर प्रणाली लागू गरी दोहोरिएका वा अनावश्यक जानकारी हटाउने र Metadata को (डेटा सम्वन्धी विवरण) शुद्धता कायम राख्ने व्यवस्था गरिएको छ । दोस्रो चरणमा, गीत, संगीत, रचना जस्ता कृतिहरू र तिनका अधिकारहरूको विवरणलाई व्यवस्थित रूपमा वर्गीकृत गरी यस्तो संरचित ढाँचामा राखिएको छ, जसले विश्वव्यापी प्रतिलिपि अधिकार डेटाबेससँग सजिलै मेल खाने र अन्तर्राष्ट्रिय स्तरमा पहुँचयोग्य हुने सुविधा प्रदान गर्दछ । यस कदमले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दुवै स्तरमा डेटा खोज, मिलान, र दावी व्यवस्थापन प्रक्रियालाई अझ प्रभावकारी बनाएको छ । संस्थाका लागि ऐतिहासिक उपलब्धि स्वरूप, पहिलोपटक कृतिहरूको पहिलो चोटी सफलतापूर्वक सीआईएस-नेट ( CIS-Net) मा पठाई अन्तर्राष्ट्रिय स्तरमा मान्यता प्राप्त इंटरनेशनल स्ट्यान्डर्ड म्युजिकल वर्क कोड (ISWC) प्राप्त गर्न पहल गरिएको छ । संस्थाले करिव ७००० वटा डेटा ISWC सिर्जना गर्नका लागि पठाएको छ भने पहिलो चोटीमा ९०% सफलता दर हासिल गरिएको छ, जुन उल्लेखनीय उपलब्धि हो । यस कदमसँगै : MRCSN विश्वव्यापी संगीत अधिकार अभिलेख प्रणालीको अभिन्न अंग बनेको छ, जसलाई अन्तर्राष्ट्रिय संगठन CISAC द्वारा सञ्चालित छ । यस उपलब्धिले नेपाली गीतसंगीत रचनाहरूलाई अन्तर्राष्ट्रिय स्तरमा दर्ता, पहिचान र दावी व्यवस्थापनमा सहज पहुँच र मान्यता दिलाउने महत्वपूर्ण आधार तयार गरेको छ ।

MRCSN
MUSIC ROYALTY COLLECTION SOCIETY

**१०.गीतसंगीत जस्ता बौद्धिक सम्पत्तिको संरक्षन तथा रोल्टी अधिकार सम्बन्धि प्रचार,प्रशारका कार्यहरुः**

गीतसंगीत जस्ता बौद्धिक सम्पत्तिको संरक्षण एव विना अनुमति गीतसंगीतको सार्वजनिक प्रयोग गर्दा तोकिएको रोयल्टी भुक्तानी गरेर मात्र गीतसंगीतको सार्वजनिक प्रयोग गर्ने सम्वन्धीको सार्वजनिक सूचना तथा जानकारी तपशीलको मिडिया हाउसहरुबाट र राष्ट्रिय दैनिक गोर्खा पत्रिकाबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशन र प्रशारण गरियो ।

(क) Artist Khabar

(ख) Biswa Limbu Podcast

(ग) onlinekhabar.com

(घ) ratopati.com

(ङ) गोरखा पत्रिका

(च)जानकारी मूलक भिडियो बनाई सार्वजनिक प्रसारण गरियो साथै अन्य पत्रपत्रिका र अनलाईन मिडियाहरुमा पनि जनचेतना मूलक सामाग्री प्रकाशन गरियो ।

**११.तालिम,जनचेतना र प्रहरीसँग सहकार्यः**

(क)**प्रशिक्षण कार्यक्रमः** गीतकार संघ नेपाल र संगीतकार संघ नेपालको संयुक्त आयोजनामा तथा उपत्यका प्रहरी कार्यालयको सहकार्यमा सम्पन्न **'प्रतिलिपि अधिकार संरक्षण सम्बन्धी अनुशिक्षण कार्यक्रम'** अन्तर्गत प्रतिलिपि अधिकारसँग सम्वन्धित सन्धि सम्झौता तथा प्रतिलिपि अधिकार ऐन कार्यान्वयनमा प्रहरीले निर्वाह गर्नुपर्ने कर्तव्य, दायित्व र भूमिका' विषयमा अन्तरक्रिया तथा प्रशिक्षण कार्यक्रम आयोजना भएको थियो । उपत्यका क्षेत्राधिकारमा पर्ने सम्पूर्ण प्रहरी कार्यालयका मुद्दा शाखाका प्रहरी अधिकृतहरूको सहभागितामा जिल्ला प्रहरी परिसर भद्रकालीमा सो कार्यक्रम सञ्चालन गरि स्रष्टाहरूका बौद्धिक सम्पत्ति माथिको अधिकार, नैतिक अधिकार तथा प्रतिलिपि अधिकार सम्वन्धी विषयमा आवश्यक अनुशिक्षण प्रदान गरिएको थियो । उपत्यका प्रहरी प्रमुख टेकबहादुर तामाङज्यूको नेतृत्व तथा समन्वयमा सम्पन्न उक्त कार्यक्रममा करिब ६० जना प्रहरी अधिकृतहरूको उपस्थिति रहेको थियो । स्रष्टाहरूले आफ्नो अधिकारको हनन भएको विषयमा संस्थाको महासचिव वि.पाण्डेज्यूले प्रस्तुतिकरण गर्नु भयो भने संस्थाको अध्यक्ष सुरेश चन्द्र अधिकारीज्यूले गीतसंगीत जस्ता बौद्धिक सम्पत्तिको संरक्षण सम्वन्धमा गम्भीरताका साथ प्रतिलिपि अधिकार हनन् सम्वन्धीको मुद्धा दर्ता अगाडि बढाइदिन प्रहरीलाई अनुरोध गर्नुभएको थियो ।

(ख) काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीको सभाहलमा पनि गीतकार सङ्घ नेपाल, संगीतकार संघ नेपालको संयुक्त आयोजनामा उपत्यका प्रहरी कार्यालयको सहकार्यमा उपत्यका प्रहरी प्रमुख श्री टेकबहादुर तामाङज्यूको प्रमुख आतिथ्यतामा **'प्रतिलिपि अधिकार ऐन, २०५९'** कार्यान्वयन सम्वन्धमा संगीत सङ्कलन समाज नेपालको अध्यक्ष सुरेश चन्द्र अधिकारी,महासचिव बसन्त सापकोटाज्यू लगायत संस्थाको प्रतिनिधि, गीतसंगीत क्षेत्रको स्रष्टाज्यूहरु र उपत्यकाका प्रहरी कार्यालय अन्तरगतको तीनवटा जिल्लाहरूका मुद्धा शाखा प्रमुखहरु संग प्रहरीका अनुसन्धान अधिकृतहरूवीच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो ।

(ग)**जनचेतना कार्यक्रमः** गीतकार संघ नेपाल र संगीत रोयल्टी संकलन समाज नेपालको संयुक्त आयोजनामा श्री प्रहरी वृत्त बौद्धको प्रमुखको आतिथ्यतामा वौद्ध क्षेत्रअन्तर्गतका विभिन्न सार्वजनिक प्रयोगकर्ताहरूलाई लक्षित गरी, कपन स्थित कार्की इभेन्ट्को सभा हलमा **गीत-संगीतजस्ता बौद्धिक सम्पत्तिको संरक्षण तथा 'प्रतिलिपि अधिकार ऐन, २०५९' कार्यान्वयन** सम्वन्धी जनचेतनामूलक कार्यक्रम सम्पन्न गरिएको थियो ।

(घ) संगीत रोयल्टी संकलन समाज नेपालको आयोजनामा स्रष्टा सर्जकसंगको अन्तरकिया कार्यक्रम मिति २०८२ मंसिर २७ गते लर्ड प्यालेस खरिबोट टोखामा सम्पन्न गरियो ।

MRCSN EST. 2... MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL

**१२. कानूनी कार्यवाही:**

(क) गीतसंगीतको सार्वजनिक प्रयोगकर्ताहरुलाई प्रयोगको अनुमति तथा रोयल्टी भुक्तानी सम्वन्धि संस्थाले आफै र संस्थाको तर्फबाट नियुक्त एजेन्सी मार्फत पटक-पटक गरी ४५ हजार भन्दा बढि पत्राचार गरिएकोछ । संस्थाको अभियानमा कतिपय सार्वजनिक प्रयोगकर्ताहरु स्वतस्फुर्तरुपमा रोयल्टी बुझाउने गरेका छन् भने कतिपय सार्वजनिक प्रयोगकर्ताहरु गीतसंगीतको सार्वजनिक प्रयोग गर्ने तर तोकिए बमोजिमको रोयल्टी वापतको रकम भुक्तानी गरी गीतसंगीतको सार्वजनिक प्रयोगको अनुमति लिन ईन्कार गर्ने सार्वजनिक प्रयोगकर्ताहरुको हकमा आवश्यक कानूनी कारवाही गर्न प्रहरी कार्यालयहरुमा दिईएको जाहेरी प्रहरी कार्यालयहरुले पनि नयाँ विषयवस्तु भनि दर्ता गर्न इन्कार गरे पश्चात माथिल्लो निकाय श्री जिल्ला सरकारी वकीलय कार्यालयले सम्म नयाँ बिषय बस्तु हो हामीले अध्ययन गर्छौ भन्दै जाहेरी दर्ता गर्न आनकानी गरे पश्चात निवर्तमान माननीय महान्यायाधिवक्ता श्री रमेश वडालज्यूको आदेशमा श्री जिल्ला सरकारी वकील कार्यालय,काठमाण्डौंको कार्यालय प्रमुख श्री रामहरि शर्मा काफ्लेज्यूले जिल्ला सरकारी वकील कार्यालय,काठमाण्डौंबाट नेपालमा पहिलो चोटी १८ बर्षमा रोयल्टी सम्वन्धिको जाहेरी लर्ड अफ द ड्रिङ्स नेपाल प्रा.लि. **(Lord of the Drinks- LOD Club)** ठेगाना ठमेल, काठमाण्डौं र ईन्द्रेणी बैङ्क्वेट प्रा.लि. वानेश्वर काठमाण्डौं उपर दर्ता भए पछि संस्थाले कानूनी प्रकृयामा ठुलो सफल्ता हासिल गरेकोछ ।

(ख) संस्थाको जाहेरी ललितपुर जिल्ला प्रहरी परिसर ललितपुरले पनि मुद्दा दर्ता गर्नु इन्कार गरेपछि श्री जिल्ला सरकारी वकीलको कार्यालय ललितपुरबाट तपशीलको विपक्षीहरु विरुद्ध मुद्दा दर्ता भई जिल्ला प्रहरी परिसर ललितपुरले आवश्यक अनुसन्धान गरेको थियो ।

(१) Liyan dance Bar प्रा.लि. ठेगाना, बालकुमारी, ललितपुर ।
(२) Titos Pub & Lounge प्रा.लि. झम्सिखेल, ललितपुर ।
(३) Twints Club & Lounge Bar प्रा.लि. ठेगाना बालकुमारी, ललितपुर ।
(४) Mesohot Restaurant & Lounge Bar प्रा.लि. ठेगाना, ललितपुर
(५) Royal Palace Dance Bar प्रा.लि. ठेगाना बालकुमारी,
(६) The Big O- Fast Casual Restaurant & Bar प्रा.लि. ठेगाना, ललितपुर ।

प्रहरीले अनुसन्धान गर्दा Liyan dance Bar र Twints Club & Lounge Bar लाई मात्र विवित कारणले गर्दा श्री ललितपुर जिल्ला अदालतबाट पक्राउ पुर्जी समेत जारी गरी अनुसन्धान सम्पन्न गरे पछि सरकारी वकीलय कार्यालय ललितपुरलाई बुझाए पछि सरकारी वकीलय कार्यालयले श्री ललितपुर जिल्ला अदालतमा अभियोग पत्र दर्ता गरी नेपालमा अदालती प्रकृया अगाडी बढेको जानकारी गर्दछु ।

(ग) गीतसंगीत प्रयोग गर्ने तर रोयल्टी नतिर्ने तपशील बमोजिमको प्रयोगकर्ताहरुलाई श्री जिल्ला सरकारी वकील कार्यालय,काठमाण्डौंबाट जाहेरी दर्ता भई श्री जिल्ला पहरी परिसर,काठमाण्डौंले आवश्यक अनुसन्धान सम्पन्न गरी सरकारी वकीलको कार्यालयले जिल्ला अदालत काठमाण्डौंमा अभियोग पत्र समेत दर्ता गराई सकेको जानकारी गराउदाछु ।

(१) क्लव टेन एक्स प्रा.लि. **(Club 10x)** ठेगाना ठमेल, काठमाण्डौं ।
(२) सिनेट क्लव प्रा.लि. **(Senate Club)** ठेगाना ठमेल, काठमाण्डौं ।
(३)Omnia Lounge and Club Pvt.Ltd., ठेगाना ठमेल, काठमाण्डौं ।
(४) Turtle Lounge & Club Pvt.Ltd., ठेगाना ठमेल, काठमाण्डौं ।
(५) Club 007 & Lounge Pvt.Ltd., ठेगाना ठमेल, काठमाण्डौ ।
(६) Sugar ktm club Pvt.Ltd., ठेगाना ठमेल, काठमाण्डौं ।
(७) The Royal Lounge प्रा.लि. ठेगाना, टोखा , काठमाण्डौं ।

MRCSN
MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL

(घ) गीतसंगीत प्रयोग गर्ने तर रोयल्टी नतिर्ने सार्वजनिक यातायातहरु,रेडियो, टेलिभिज, होटल,रेष्टुरेण्ड जस्था सार्वजनिक प्रयोगकर्ताहरु विरुध करोडौको रोयल्टी, विगो र जरिवाना दावी गरी तपशील बमोजिमको प्रहरी कार्यालयहरुमा जाहेरी दिईएको छ ।

(१) जिल्ला प्रहरी परिसर,काठमाण्डौं ।
(२) जिल्ला प्रहरी परिसर,भक्तपुर ।
(३) जिल्ला प्रहरी परिसर, ललितपुर ।
(४) प्रहरी वृत्त, कालिमाटी, काठमाण्डौं ।
(५) प्रहरी वृत्त, नयाँ बानेश्वर, काठमाण्डौं ।
(६) प्रहरी वृत्त, बौद्ध, काठमाण्डौं ।
(७) प्रहरी वृत्त, दरबारमार्ग, काठमाण्डौं ।
(८) प्रहरी वृत्त, महाराजगंज, काठमाण्डौं ।
(९) प्रहरी वृत्त, मालीगाँउ, काठमाण्डौं ।
(१०) प्रहरी वृत्त, गौशला, काठमाण्डौं ।
(११) प्रहरी वृत्त, सोह्रखुट्टे, काठमाण्डौं ।
(१२) प्रहरी वृत्त, सोतदोबाटो,ललितपुर ।
(१३) जिल्ला प्रहरी कार्यालय,कास्की पोखरा ।
(१४) जिल्ला प्रहरी कार्यालय, चितवन ।
(१५) जिल्ला प्रहरी कार्यालय,मकवानपुर ।
(१६) जिल्ला प्रहरी कार्यालय, सुनसरी लगायत अन्य प्रहरी कार्यालयहरुमा जाहेरी दर्ता भएका छन ।

**१३. कानूनी प्रकृया पछि रोयल्टी तिर्ने सम्झौताः**

गीतसंगीतको सार्वजनिक प्रयोग गर्ने तर रोयल्टी नतिर्ने तपशील वमोजिमको होटलहरु विरुध श्री काठमाण्डौं जिल्ला सरकारी वकीलय कार्यालयमा जाहेरी दर्ता गरे पश्चात विपक्षीहरुको छाता संगठन होटल एशोसियशन नेपाल र यस संस्था विच विभिन्न चरणको छलफल पछि होटल एशोसियशन लेपालमा आवद्ध सदस्यहरुले रोयल्टी तिर्ने सम्झौता सम्पन्न गरियो। साथै जाहेरी दर्ता भएको होटलहरुले रोयल्टी भुत्तानी गरी गीतसंगीतको सार्वजनिक प्रयोगको अनुमति सम्म लिई सकेको अवस्था छ ।

(१) द होटल एभरेष्ट ईन्टरनेशलन लि., ठेगाना, नयाँबानेश्वर १०,काठमाण्डौं ।
(२) ग्राण्ड होटल प्रा.लि., ठेगाना, ताहाचल, काठमाण्डौं ।
(३) द मल्ल होटल प्रा.लि.लैनचौर,काठमाण्डौं ।
(४) होटल पवेरा प्रा.लि. (पवेरा वुटिक होटल) बुढानिलकण्ठ, काठमाण्डौं ।
(५) होटल मनाङ प्रा.लि., ठेगाना ठमेल, काठमाण्डौं ।
(६) होटल बैशाली प्रा.लि., ठेगाना ठमेल,काठमाण्डौं ।
(७) होटल बुद्ध प्रा.लि., ठेगाना ठमेल, काठमाण्डौं ।

**१४. अन्तर्राष्ट्रिय सहभागिताः**

(क) **CISAC Asia Pacific Committee Meeting**

यस वर्ष, सन् २०२४ मा, मलेसियाको क्वालालम्पुरमा डिसेम्बर ०४ देखि डिसेम्बर ०५ सम्म सम्पन्न भएको CISAC- Asia Pacific Committee Meeting मा सहभागीता जनाउँदा, संगीत कृतिहरूको दर्ता, ISWC सम्वन्धी नवीनतम अपडेटहरू, ग्लोबल क्यु सिट स्ट्यान्डर्ड २.०, CIS Net २.०, तथा कृत्रिम बुद्धिमत्ता (AI) सम्वन्धी प्रचार अभियानहरू जस्ता महत्वपूर्ण विषयहरूमा व्यावसायिक तथा प्राविधिक छलफलहरू सम्पन्न भएको थिए । सोही प्रकारले, फिलिपिन्सको म्यानिला मा अप्रिल २२ देखि अप्रिल २३ सम्म सञ्चालनमा आएको CISAC Asia Pacific Committee Meeting मा सहभागिता जनाउँदै, विभिन्न Asia Pacific Region का Collective Management Organization बीच

MRCSN EST. 2017 MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL

क्षेत्रीय सहकार्य, ज्ञानको आदानप्रदान, र दीर्घकालीन रणनीतिक योजना निर्माणका विषयहरूमा केन्द्रित पेशेवर छलफल तथा परामर्शहरू गरिएको थियो ।

(ख) **WIPO विशेषज्ञ तालिम:**
संस्थाको इतिहासमा पहिलोपटक विश्व बौद्धिक सम्पदा संगठन (WIPO) बाट विशेषज्ञ सल्लाहकारलाई नेपालमा निम्त्याइएको थियो । उक्त सल्लाहकारले प्रत्यक्ष रुपमा हाम्रो प्राविधिक र सञ्चालन टोलीलाई WIPO प्रणाली सम्वन्धी व्यावहारिक तालिम प्रदान गरेका थिए । यस तालिममा विशेष गरी सही ढंगले डेटा संरचना गर्ने तरिका, मेटाडाटा तयार गर्ने प्रक्रिया, र रोयल्टी वितरणका लागि सञ्चालन तयारीमा जोड दिइएको थियो । यस प्रत्यक्ष तालिमले संस्थाको क्षमता अन्तर्राष्ट्रिय स्तरका उत्कृष्ट अभ्यासहरू अनुसार सुधार गरेको छ र सामूहिक अधिकार व्यवस्थापनमा संस्थालाई अझ प्रभावकारी र व्यवस्थित रूपमा काम गर्न सक्षम बनाएको छ ।

(ग) इन्डियाको रोयल्टी संकलन गर्ने संस्था IPRS मा सम्पन्न कार्यक्रममा संस्थाको तर्फबाट आईटी अधिकृत मिलिन्द शर्मा र डाटा सहायक कल्पना अछामी जानु भएको थियो । उक्त कार्यक्रममा भारतको Ministry of Information and Broadcasting ले केन्द्रीयकृत डिजिटल संगीत लाइसेन्सिङ रजिस्ट्री स्थापना गर्ने पहलले पारदर्शी र प्रभावकारी लाइसेन्सिङ प्रणाली तथा सुदृढ डिजिटल डाटाबेसको आवश्यकता औंल्याएक थियो । साथै Indian Music Industry (IMI) भित्र कृत्रिम वुद्धिमत्ता (AI) को पारदर्शिता सम्वन्धी छलफलले (AI) को युगमा कपीराइट संरक्षणको महत्त्व अझ वढ्दै गएको देखाउँदै All About Music 2025 जस्ता प्लेटफर्महरूले संगीत उद्योगका सरोकारवालावीच संवाद र सहकार्यको आवश्यकतालाई प्रस्ट पारेका थियो । समग्रमा, यी विकासहरूले MRCSN ले अन्तर्राष्ट्रिय साझेदारी सुदृढ गर्ने, डिजिटल लाइसेन्सिङ र डाटा प्रणालीलाई आधुनिकीकरण गर्ने, AI सम्वन्धी कपीराइट चुनौतीहरूलाई सम्वोधन गर्ने तथा नेपाली संगीत सिर्जनाकर्ताहरूको अधिकार व्यवस्थापन र सिर्जनात्मक विकासलाई समर्थन गर्ने अवसरहरू सिर्जना गर्न आवश्यक रहेको देखाएको थियो ।

(घ) चाइनाको वेइजिङमा CISAC Asia–Pacific Committee समिति बैठक २९-३० अक्टोवर २०२५ मा सम्पन्न कार्यक्रममा संस्थाको तर्फबाट अध्यक्ष श्री सुरेश अधिकारीज्यू र आईटी अधिकृत मिलिन्द शर्माज्यूले भाग लिनुभएको थियो । उक्त कार्यक्रमको मुल उद्धेश्य भनेको डिजिटल युगमा गीतसंगीतको विश्वव्यापी प्रयोग वढ्दै गएको सन्दर्भमा अन्तर्राष्ट्रिय सहकार्य र सिमापार रोयल्टी संकलनको महत्वलाई जोड दिएको थियो । नेपाली सिर्जनाकर्ताहरूले आफ्नो रचनाको अन्तर्राष्ट्रिय प्रयोगवाट उचित रोयल्टी प्राप्त गर्न (MRCSN) ले CISAC सञ्जालमार्फत CMO हरूसँग सहकार्य सुदृढ गर्नु आवश्यक भएको सन्दभमा छलफल भयो । साथै MRCSN ले आफ्नो रिपर्टोयर डाटा प्रणाली सुधार गर्ने, प्रकाशक र रचयितासंग सम्झौताहरू व्यवस्थित गर्ने, DSP सँगको लाइसेन्सिङ तथा डाटा प्रशोधन क्षमता वढाउने, AI सम्वन्धी विकासहरू अनुगमन गर्ने र अन्तर्राष्ट्रिय साझेदारी विस्तार गर्ने आवश्यकतामा बैठकले जोड दिएको थियो, जसले नेपाली सिर्जनाकर्ता र अधिकारधारकहरूले विश्वव्यापी डिजिटल गीतसंगीत वजारवाट उचित लाभ प्राप्त गर्न मद्दत गर्नेछ ।

**१५.आर्थिक वर्ष २०८२/२०८३-२०८३/२०८४ को लागी कार्ययोजना तथा कार्यक्रम:**

(क) संस्थाले प्रत्येक वर्ष ज्येष्ठ २४ गतेलाई संस्थाको वार्षिक दिवस (वार्षिकोत्सव) को रूपमा मनाउनेछ । सो दिन संस्थामा आवद्ध रहेका सम्पूर्ण सदस्यहरूलाई संस्थाले संकलन गरेको रोयल्टी पारदर्शी र निष्पक्ष प्रणाली अनुसार वितरण गरिनेछ । यसरी वार्षिक दिवसलाई रोयल्टी वितरणको माध्यममार्फत संस्थासँग सदस्यहरूको सम्वन्ध अझ मजवुत वनाइनेछ ।

(ख)संस्थाले अन्तर्राष्ट्रिय भ्रमण वा वैठक (meeting)मा सक्रिय रूपमा सहभागी भएर रोयल्टी संकलनलाई वृद्धि गर्ने रणनीति अपनाउनेछ । यसअन्तर्गत, संस्थाका प्रतिनिधिहरूले विदेशी Collective

MRCSN MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL

Management Organization (CMO),Performing Rights Organizations (PROs) Digital Service Providers (DSPs), अन्तर्राष्ट्रिय म्युजिक कलेक्शन एजेन्सीहरू र ग्लोबल प्रकाशकहरूसँग प्रत्यक्ष समन्वय र सहकार्य कायम गर्नेछ ।

(ग)हालसम्म संस्थाल Facebook, Youtube र Spotify जस्ता प्रमुख Digital Service Providers (DSPs) मार्फत नेपाली टेरिटोरीज (Nepali territories) भित्र वज्ने नेपाली गीतसंगीतको मात्र संकलन गर्दै आएको छ। यस प्रक्रियाले राष्ट्रिय स्तरमा संगीत रोयल्टी संकलनलाई प्रभावकारी बनाएको भए पनि, हालसम्म विदेश वा अन्य डिजिटल प्लेटफर्महरूमा वज्ने नेपाली गीतसंगीतको संकलन समावेश गरिएको छैन। आगामी दिनहरूमा, संस्थाले विविध तेस्रो पक्ष (multiple third parties) जस्तै अन्तर्राष्ट्रिय डिजिटल एजेन्ट, सर्भे कम्पनी, स्ट्रिमिङ प्लेटफर्मका पार्टनरहरूसँग समन्वय गर्दै नेपाल वाहिर वज्ने नेपाली गीतसंगीतवाट पनि रोयल्टी संकलन गर्न प्रयास गर्नेछ । यस अन्तर्गत, प्रवासी नेपाली समुदाय, ग्लोबल स्ट्रिमिङ प्लेटफर्महरू (जस्तै Apple Music, Amazin Music, Tiktok, Deezer आदि) र अन्तर्राष्ट्रिय म्युजिक डाटावेसमार्फत वज्ने गीतहरूको ट्र्याकिङ, दावी र भुक्तानी सुनिश्चित गर्ने योजना वनाइएको छ ।

(ग)श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर र आन्तरीक राजश्व विभागको समन्वयनमा देश भरी ३० देखी ४० स्थानहरुमा रोयल्टी संकलनको शाखा कार्यालय स्थापना गरी रोयल्टी संकलनको कार्य तिब्रता दिइनेछ । साथै श्री गृह मन्त्रालयलेको निर्देशन अनुसार देशै भरी शाखा कार्यालयहरु स्थापना गरी संस्थाको प्रतिनिधि र प्रहरी संग संयुक्तरुपमा गीतसंगीतको सार्वजनिक प्रयोगको अनुमति चेकिङ गरिने गरिनेछ । सो अनुमति चेकिङ गर्दा विना अनुमति गीतसंगीत बजाएको भेटिएको अवस्थामा तोकिएको रोयल्टी भुक्तानी गरी सार्वजनिक प्रयोगको अनुमति लिनु लगाउने र अनुमति लिन इन्कार गर्ने प्रयोगकर्ताहरुलाई कानूनी दायरामा ल्याउईने छ ।

**श्री कम्पनी रजिष्ट्रारको कार्यालय र आन्तरीक राजश्व विभागको प्रस्ताव अनुसार पहिलो चरणमा संस्थाले नियुक्त गरेको एजेन्सीले शाखा कार्यालय तपशील बमोजिको स्थानहरुमा शाखा कार्यालय स्थापना गर्नेछ ।**

ओखलढुङ्गा काउन्टर, इलाम काउन्टर, झापा चन्द्रगढी काउन्टर,मोरङ विराटनगर काउन्ट, सुनसरी, इटहरी काउन्टर,उदयपुर जिल्ला गाईघाट काउन्टर, सिराहा, काउन्टर,सर्लाही, काउन्टर, सिन्धुली, कमलामाई, सिन्धुली, धनुषा, जनकपुर,पर्सा, विरगञ्ज काउन्टर, वारा, कलैया काउन्टर, मकवानपुर,हेटौडा काउन्टर, चितवन काउन्टर,काभ्रेपलान्चोक, धुलिखेल काउन्टर,भक्तपुर, सल्लाघारी,ललितपुर, एकान्तकुना काउन्टर, कास्की, पोखरा काउन्टर, लमजुङ जिल्ला, वेसिसहर काउन्टर,म्याग्दी, वेनी काउन्टर, पश्चिप, वर्दघाट काउन्टर, रुपन्देही, बुटवल काउन्टर,कपिलवस्तु, तौलिहवा काउन्टर, प्युठान, काउन्टर, दाङ, घोराही काउन्टर,सुर्खेत जिल्ला, सुर्खेत काउन्टर, बाँके, नेपालगन्ज काउन्ट कैलाली, धनगढी काउन्टर, र कञ्चनपुर, भिमदत्त काउन्टर

**१६.चुनैती र समाधनहरू**

(१)संस्था स्थापना भएको लगभग १८ बर्ष भएता पनि संस्थाले गीतसंगीत रचना बौद्धिक सम्पत्ति हो भन्ने आवश्यक प्रचार प्रसार गर्न नसक्नु र गीतसंगीत रचना बौद्धिक सम्पत्ति हो भन्ने गीतसंगीत प्रयोगकर्ताहरुलाई थाहाँ नहुनु नै मुख्य समस्य हो । बौद्धिक सम्पत्ति संरक्षण तथा प्रतिलिपि अधिकार ऐनको कार्यान्वयनलाई दिगो र व्यापक बनाउन, संस्थाले संघीय संसदका माननीय सदस्यहरू, न्यायपालिका, सम्वन्धित कार्यपालिका प्रमुखहरू, स्थानीय तथा क्षेत्रीय जनप्रतिनिधिहरू, कानून व्यवसायी, पत्रकार, गीतकार, संगीतकार, सम्वन्धित संघ/संस्था तथा गीतसंगीतको सार्वजनिक प्रयोगकर्ताहरू लगायत सवै सरोकारवालाको सक्रिय सहभागिता सुनिश्चित गर्नेछ । यसका लागि संस्थाले नियमित रूपमा अन्तरक्रिया कार्यक्रम, गोष्ठी, कार्यशाला तथा जनचेतनामूलक अभियानहरू सञ्चालन गर्नेछ, जसले समाजमा प्रतिलिपि अधिकारको महत्त्व र बौद्धिक सम्पत्तिको संरक्षणवारे व्यापक जागरुकता फैलाउनेछ । यी सवै

MRCSN
MUSIC ROYALTY COLLECTION SOCIETY

गतिविधिहरूले न केवल सर्जकको अधिकार सुरक्षित राख्ने वातावरण सिर्जना गर्नेछन्, तर राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा नेपालको प्रतिलिपि अधिकार कार्यान्वयन प्रणालीलाई विश्वसनीय, पारदर्शी र प्रभावकारी बनाउनेछ ।

**१७. निष्कर्ष:**

संस्थाले प्रतिलिपि अधिकार विनियमवाली २०६१ को नियम १० को उपनियम (ग) बमोजिमको रोयल्टी संकलन र वितरण मापदण्ड तर्जुमा गरि लागु गर्नु, संस्थाको लेखा भ्याटमा दर्ता गर्नु, संस्थाले देश भरी नै विजक जारी गर्न सक्नु, प्रतिलिपि अधिकार हनन् सम्वन्धि संस्थाले प्रहरीसंग आवश्यक अन्तरकृया कार्याक्रम सञ्चालन गरी संस्थाले दिएको जाहेरी प्रहरीले दर्ता गर्नु, श्री गृम मन्त्रालय र जिल्ला प्रशासन कार्यलयवाट नै संस्थाको प्रतिनिधि र प्रहरीसंग संयुक्तरुपमा गीतसंगीतको अनुमतिपत्र चेकिङ गर्न निर्देशन ल्याउनु सक्नु, गीतसंगीतको सार्वजनिक प्रयोगकर्ताहरु नेपाल सरकारको कार्यालयहरुमा दर्ता भई सञ्चालन भएका फर्म,कम्पनी, संस्थाहरुले बार्षिक अध्यावधिध गर्दा वा कुनै प्रकारको सरकारलाई तिर्नु पर्ने कर तिर्दा गीतसंगीतको रोयल्टी तिरेको हुनु पर्ने सरकारबाट निर्देशन ल्याउनु सक्नु र संस्थाले नियुक्त गरेको एजेन्सीको सक्षमताले रोयल्टी संकलनको लक्ष्य बार्षिक ५० करोड देखी १ अर्व सम्म रोयल्टी संकलनको लक्ष लिईएको छ । जुन लक्ष नेपाल भित्रको मात्र हुनेछ ।

माथि उल्लेख गरिएका विभिन्न कार्य सम्पादन सम्पन्न गर्नका लागि प्रत्यक्ष/अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुनु हुने विशिष्ट सहयोगीमनहरु, कार्यसमितिका पदाधिकारी तथा सदस्यज्यूहरु, पूर्ण सदस्य तथा एशोसिएट सदस्यज्यूहरु, सरकारका विभिन्न निकायहरु र सङ्घ/संस्थाहरु प्रति आभार व्यक्त गर्दै स-धन्यवाद ज्ञापन गर्दछौं ।

**धन्यवाद**

**बसन्त साप्कोटा**
**महासचिव**

MRCSN EST. 2017
MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL